# मानव अधिकार अवस्थाको मासिक विश्लेषण

(मासिक विश्लेषण-साउन, २०७८)[1]

नेपालको पहिलो मानव अधिकार समाचार पोर्टल inseconline.org मा प्रकाशित समाचार अनुसार ०७८ साउन महिनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट १ सय ८ जना महिला र ३४ जना पुरुष गरी १ सय ४२ जना पीडित भए। प्रकाशित समाचार अनुसार साउन महिनामा राज्य पक्षबाट तीन जना पुरुष र एक जना महिला गरी चार जना र अन्य पक्षबाट १ सय ३८ जना पीडित भए।




प्रकाशित समाचार अनुसार प्रदेश २ मा ४९, प्रदेश १ मा २५ जना, लुम्बिनी प्रदेशमा १९ जना, गण्डकी प्रदेशमा १७ जना, कर्णाली प्रदेशमा १५, बागमती प्रदेशमा र सुदूरपश्चिम प्रदेशमा ६ जना पीडित भए। साउन महिनामा पत्नी हत्याका नौ, परिवारजनबाट हत्याका चार, बलात्कारपछि हत्याको एक, हिरासतमा मृत्युका दुई ओटा घटनाका सम्बन्धमा लेखिएका समाचार प्रकाशन गरिएको छ।

साउन महिनामा एक जना मानव अधिकार रक्षकसहित नौ जनालाई कुटपिट गरिएका, जातीय विभेदका घटनामा तीन जना, पुरुषलाई गरिएको यौन दुर्व्यवहारको घटनामा एक जना पीडित भएका र १५ जना घाइते भएका विषयमा लेखिएका समाचार प्रकाशन गरिएको छ।

---

[1] इन्सेकले विगत २९ वर्षदेखि नेपालको मानव अधिकार अवस्थाबारे अभिलेख गर्नुका साथै यसको प्रसार गरिरहेको छ। देशका ७७ जिल्लामा रहेका इन्सेकका जिल्ला प्रतिनिधिमार्फत इन्सेकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अभिलेख गर्ने गरिन्छ। यसैगरी, मानव अधिकार अवस्थाको दैनिक अभिलेख तथा प्रसार गर्ने उद्देश्यले इन्सेकले www.inseconline.org मार्फत हरेक दिन नेपालको मानव अधिकार अवस्थासम्बन्धी समाचार प्रकाशन गर्दै आएको छ। यो मासिक विश्लेषण इन्सेकअनलाइनमा प्रकाशित समाचारहरूको आधारमा तयार पारिएको हो। इन्सेकले अघिल्लो महिनाको मानव अधिकार अवस्थालाई समेटेर हरेक महिनाको ७ गतेभित्र मासिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ।

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका आधारमा मानव अधिकार अवस्थाको सार्वजनिकीकरण गरी सरोकारवाला निकायलाई जबाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने र मानव अधिकार अवस्थाका बारेमा जान्न चाहनेहरूका लागि यो मासिक विश्लेषण उपयोगी हुने हामीले अपेक्षा गरेका छौं।

साउनमा प्रकाशित समाचारमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा परी ५१ जना बालिका पीडित भए। अभिलेखित घटनाहरूमध्ये बलात्कारका घटनामा ३९ जना, यौन दुर्व्यवहारका घटनामा १० जना र बेचबिखनको घटनामा एक जना र बेचबिखन प्रयासको घटनामा एक जना पीडित भए। महिला अधिकार उल्लङ्घनका घटनामा ३९ जना पीडित भए। जसमा बलात्कारका घटनामा २० जना, बलात्कार प्रयासका घटनामा पाँच जना, यौन दुर्व्यवहारका घटनामा तीन जना, जबरजस्ती यौन कार्यमा लगाएको घटनामा एक जना, एसिड प्रहारको घटनामा एक जना, बेचबिखन घटनामा चार जना 'बोक्सी' आरोपको घटनामा एक जना र घरेलु हिंसाका घटनामा तीन जना महिला पीडित भए।




साउन महिनामा मात्रै पीसीआर विधिबाट ३ लाख ११ हजार ४ सय ६६ ओटा स्वाब परीक्षण गरिएकोमा ७० हजार २ सय ६२ जनामा कोभिड पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको तथ्याङ्कलाई आधार मानी विश्लेषण गर्दा साउन महिनामा परीक्षण गरिएका स्वाबमध्ये २२.५५ प्रतिशतमा कोभिड पुष्टि भएको छ। साउन १ गते सक्रिय सङ्क्रमितको सङ्ख्या २७ हजार १० रहेकामा साउन ३२ गते यो सङ्ख्या बढेर ३९ हजार ३ सय ७१ मा पुगेको छ। साउन मनिमा ८ सय ४१ जना कोभिड सङ्क्रमितको मृत्यु भएको छ। साउन ३२ गतेसम्म १० हजार ३ सय २७ जनाको मृत्यु भएको मन्त्रालयद्वारा जारी तथ्याङ्कमा उल्लेख छ। साउन महिनामा २३ लाख ६९ हजार ७ सय ८३ जनालाई पूर्ण खोप प्रदान गरेको मन्त्रालयले जनाएको छ। साउन ३२ गतेसम्म ३४ लाख ९० हजार ६५ जनालाई पूर्ण खोप दिइएको छ। कोभिड-१९ सम्बन्धी दैनिक अपडेट तथा साप्ताहिक विश्लेषण इन्सेक अनलाइनमा उपलब्ध छ।[१]

| महिला अधिकार उल्लङ्घन घटनाका पीडित | |
|---|---|
| **घटनाको प्रकार** | **पीडित सङ्ख्या** |
| एसिड प्रहार | १ |
| घरेलु हिंसा | ३ |
| जबरजस्ती यौन कार्यमा लगाएको | १ |
| बलात्कार | २० |
| बलात्कार प्रयास | ५ |
| बेचबिखन | ४ |
| बेचबिखन प्रयास | १ |
| 'बोक्सी'को आरोप | १ |
| यौन दुर्व्यवहार | ३ |
| **जम्मा** | **३९** |

---

*नेपालमा २०५२ सालदेखि २०६२ सालसम्म भएको सशस्त्र द्वन्द्वको समयमा मानव अधिकार उल्लङ्घनका थुप्रै घटना भए। यस्ता कतिपय घटना मानवता विरुद्धका गम्भीर प्रकृतिका छन्। त्यस्ता घटनाका सम्बन्धमा अझै सत्यतथ्य अध्ययन भएको छैन। जसले गर्दा पीडितले न्याय पाउन सकेका छैनन्। मानवता विरुद्धको द्वन्द्वकालीन घटनाको रूपमा रामेछापको दोरम्बामा भएको सामूहिक हत्यालाई पनि लिन सकिन्छ। २१ जना मानिसको ज्यान लिने गरी तत्कालीन शाही नेपाली सेनाको तर्फबाट भएको सो नरसंहारकारी घटनाका दोषीमाथि अझै कारबाही भएको छैन। सत्य निरुपण तथा मेलमिलाप आयोगकी*

---

[१] http://inseconline.org/np/%e0%a4%95%e0%a5%8b%e0%a4%ad%e0%a4%bf%e0%a4%a1-%e0%a5%a7%e0%a5%af/

सदस्य एवम् प्रवक्ता मन दाहालले दोरम्बा घटनाको विस्तृत अध्ययन बाँकी रहेको बताउनु भयो । उहाँले हालसम्म ५ हजार ७ सय ७७ ओटा घटनाको प्रारम्भिक र १ सय ७३ ओटा घटनाको विस्तृत छानविन सकिएको जानकारी दिनु भयो । 'दोरम्बा घछनाको उजुरी लिने काम भएको छ । तर, छानविन बाँकी नै छ । पहिले दर्ता भएकालाई पहिले अध्ययन गर्ने काम भइरहेको छ ।'-प्रवक्ता दाहायो ।[3]

नेपाल सरकार र तत्कालिन नेकपा (माओवादी) बिच २०६३ मङ्सिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ को परिणाम स्वरुप मानव अधिकारको गम्भिर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गरिएको छ । प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको मन्त्रिपरिषदको असार ३१ गतेको बैठकले आयोग तथा यसका पदाधिकारीहरूको समयावधि एक वर्षका लागि थप गरेको छ । कानुन संशोधन र पीडितसँगको परामर्शपछि मात्र आयोगका पदाधिकारीको म्याद थप्नुपर्ने माग उठिरहेको समयमा ६ वर्षमा आयोगको म्याद चौथो पटक थप गरिएको छ । दुवै आयोग गठन भएको ६ वर्षभन्दा बढी भइसके पनि दुवै आयोगले पीडितलाई न्याय दिने सम्बन्धमा अभिलेख सङ्कलनबाहेकको ठोस प्रगति गरेका छैनन् ।[4]

२०७८ भदौ ७ गते

इमेलः inseconline@insec.org.np
वेबसाइटः www.inseconline.org, www.insec.org.np

---

[3] https://inseconline.org/np/hr_reports/

[4] https://inseconline.org/np/news/%e0%a4%b8%e0%a4%a4%e0%a5%8d%e0%a4%af-%e0%a4%a8%e0%a4%bf%e0%a4%b0%e0%a5%81%e0%a4%aa%e0%a4%a3-%e0%a4%a4%e0%a4%a5%e0%a4%be-%e0%a4%ae%e0%a5%87%e0%a4%b2%e0%a4%ae%e0%a4%bf%e0%a4%b2%e0%a4%be%e0%a4%aa/